# आदिवासी/जनजाति संयुक्त मोर्चा, नेपाल
# केन्द्रीय समिति

प.सं. मितिः २०८०/१/५

प्रिय क. ............................
........................................
.........................................

**विषय : – परिपत्र !**

उपरोक्त सम्बन्धमा, ***आदिवासी/जनजाति संयुक्त मोर्चा, नेपाल***को केन्द्रीय कार्यालयको मिति २०७९/१२/१ मा, सचिवालयको मिति २०८०/१/२८ मा र **केन्द्रीय समितिक**ो मिति २०८०/१/२९ मा बसेका बैठकहरूमा पारित विभिन्न प्रस्ताव तथा निर्णयहरू जानकारी एवं कार्यान्वयनका लागि पठाइएको छ –

**केन्द्रीय कार्यालय**

१. सर्वप्रथम, महान जनयुद्ध, जनआन्दोलन, आदिवासी/जनजाति आन्दोलन, मधेश आन्दोलनलगायत विभिन्न संघर्षहरूमा जीवनको बलिदानी दिनु हुने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै १ मिनट मौनधारण,
२. ***संयुक्त मोर्चा***का केन्द्रीय सचिवालय सदस्य क. मोहन टुडुकी आमा श्रीमती दुलाडी टुडुको ७४ वर्षको उमेरमा २०७९/१०/२६ मा झापामा अत्यन्त दुःखद निधन भएकोमा बैठकद्वारा गहिरो दुःख व्यक्त गर्दै १ मिनट मौनधारण, वहाँप्रति हार्दिक श्रद्धाञ्जली र शोक-सन्तप्त परिवारप्रति गहिरो समवेदना प्रकट,
३. संयोजक क.सुरेश आले मगरद्वारा संक्षिप्त रिपोर्ट प्रस्तुत,
४. गत मंसिर ४ गते सम्पन्न प्रतिनिधि सभाको निर्वाचनमा आदिवासी/जनजाति उम्मेदवारहरू क्रमशः १ नं. प्रदेशका (१) अमनलाल मोदी थारू (मोरङ्ग, प्रत्यक्ष), (२) सुदन किराती (भोजपुर, प्रत्यक्ष), (३) दुर्गा राई (भोजपुर, समानुपातिक), र (४) रामकुमार राई (खोटाङ्ग, प्रत्यक्ष); बागमती प्रदेशका (१) सूर्यमान दोङ्ग (काभ्रे, प्रत्यक्ष), (२) मीना तामाङ्ग (काभ्रे, समानुपातिक), र (३) हितबहादुर तामाङ्ग (नुवाकोट, प्रत्यक्ष); गण्डकी प्रदेशका उर्मिला माझी (लमजुङ्ग, समानुपातिक); लुम्बिनी प्रदेशका पूर्णबहादुर घर्तीमगर (रूकुम पूर्व, प्रत्यक्ष) र वर्षमान पुन मगर (रोल्पा, प्रत्यक्ष); कर्णाली प्रदेशका छिरिङ डम्दुल लामा (हुम्ला, प्रत्यक्ष) र छिरिङ ल्यामु लामा (जुम्ला, प्रत्यक्ष); र सुदूर पश्चिम प्रदेशका रूपा सो.सी. चौधरी थारू (कैलाली, समानुपातिक); र प्रदेश सभाहरूतर्फ १ नं.का (१) ईन्द्रबहादुर आङ्बो लिम्बू (पाँचथर, प्रत्यक्ष), (२) नारायणबहादुर बुर्जा मगर (उदयपुर, प्रत्यक्ष), (३) गोम्बु शेर्पा

(सोलुखुम्बु, प्रत्यक्ष), (४) राजन किराती (उदयपुर, प्रत्यक्ष), (५) सम्भना तामाङ (उदयपुर, समानुपातिक), र, (६) वन्दना भाँगड (भापा, समानुपातिक); बागमतीतर्फ (१) देवेन्द्र श्रेष्ठ (भक्तपुर, समानुपातिक), (२) कुमारी मोक्तान (मकवानपुर, प्रत्यक्ष), (३) प्रेमबहादुर पुलामी मगर (मकवानपुर, प्रत्यक्ष), (४) सुष्पा भुजेल (सिन्धुली, समानुपातिक), (५) गंगानारायण श्रेष्ठ (सिन्धुली, प्रत्यक्ष), (६) तारानारायण श्रेष्ठ (रामेछाप, प्रत्यक्ष), (७) उर्मिला लामा (ललितपुर, समानुपातिक), (८), राधिका तामाङ, (नुवाकोट, प्रत्यक्ष) र, (९) भुवनकेशरी श्रेष्ठ (भक्तपुर, समानुपातिक); गण्डकीका (१) रेशम जुग्जाली मगर (म्याग्दी, प्रत्यक्ष) र (२) कुसुम बुढा मगर (बागलुङ्ग, समानुपातिक); लुम्बिनीका (१) तुलाराम घर्ति मगर “बसन्त”, (पाल्पा, प्रत्यक्ष), (२) ईन्द्रजीत थारू (दाङ्ग, प्रत्यक्ष), (३) धनबहादुर मास्की मगर (दाङ्ग, प्रत्यक्ष), (४) दीपेन्द्रकुमार पुन मगर (रोल्पा, प्रत्यक्ष), र (५) सुरूल पुन मगर (रूकुम, प्रत्यक्ष), (६) कृष्णा कुष्मा थारू (बर्दिया, समानुपातिक), (७) मीनाकुमारी बुढा मगर (रोल्पा, समानुपातिक), र (८) दिलकुमारी बुढा मगर (रूकुम पूर्व, समानुपातिक), र कर्णालीका जुम्कित लामा (हुम्ला, समानुपातिक)लाई सदस्य पदमा निर्वाचित हुनुभएकोमा आदिवासी/जनजाति संयुक्त मोर्चा, नेपालको तर्फबाट हार्दिक बधाई ज्ञापन र वहाँहरूले आदिवासी/जनजातिहरूको हक-हितका लागि आवाज उठाउनु हुनेछ भन्ने अपेक्षा गर्दै सफल एवं उपलब्धिमूलक कार्यकालका लागि शुभकामना व्यक्त,

५. यस ***संयुक्त मोर्चा***को केन्द्रीय कार्यालय सदस्य क. तुलाराम घर्ति मगर “बसन्त” (पाल्पा) गत मंसिर मंहिनामा सम्पन्न लुम्बिनी प्रदेश निर्वाचनमा सदस्य पदमा निर्वाचित भै ***प्रदेश सभाभुख*** हुनुभएकोमा सर्वप्रथम वहाँलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त, ***सभामुख*** निर्वाचित भएपछि राजनीतिक पार्टी र त्यस्का भ्रातृ संगठनहरूको समेत सदस्यता त्याग्नु पर्ने भएको कारण जनाउँदै वहाँले यस ***मोर्चा***को केन्द्रीय कार्यालय, सचिवालय र केन्द्रीय समिति सदस्य पदबाट दिनुभएको राजीनामा स्वीकृत र आदिवासी/जनजातिहरूको हक-अधिकार तथा प्रगति र यस ***मोर्चा***को उन्नति एवं सफलताका लागि खेल्नुभएको भूमिका तथा दिनुभएको योगदानका लागि धन्यवाद ज्ञापन,

६. यस ***मोर्चा***को रिक्त केन्द्रीय सदस्यहरूमा प्रेमबहादुर पुलामी मगर (मकवानपुर), ज्योति दर्लामी मगर (भापा), भीमकुमारी बाँठा मगर (दाङ्ग), किरण सुनुवार (ईलाम), गौरव राई (सुनसरी), ललित बुढा मगर (जाजरकोट),जीवन रोका मगर (रोल्पा), धनबहादुर पुन मगर (रोल्पा), ममता राजवंशी (भापा), किरण थापा मगर (ललितपुर), योगेश राई (खोटाङ्ग), जयबहादुर श्रेष्ठ (ललितपुर), नीलबहादुर पुन मगर (बागलुङ्ग), नगेन्द्र राई (भोजपुर), कृष्ण गुरूङ (दैलेख), र मीनबहादुर घर्ति मगर (डोटी) मनोनित ,

७. केन्द्रीय समितिको सचिवालयका रिक्त पदहरूमा नगेन्द्र राई, नीलबहादुर पुन मगर, कृष्ण गुरूङ, निमा तेन्डुप शेर्पा, उमेश स्थापित, गणेश सलामी मगर, खड्ग लामा, प्रेमकाजी गुरूङ, र प्रेम मिभोक मनोनित,

८. तुलाराम घर्तिमगर “बसन्त”ले राजीनामा दिएपछि रिक्त भएका केन्द्रीय कार्यालय सदस्य र प्रदेश ईन्चार्ज पदहरूमा क्रमशः सचिवालय सदस्य नगेन्द्र राई, केन्द्रीय कार्यालय सदस्य सन्तकुमार चौधरी थारू तथा लुम्बिनी प्रदेश संयोजक पदमा भीमकुमारी बाँठा मगर र सुदूर पश्चिम संयोजक पदमा केन्द्रीय सदस्य मीनबहादुर घर्ती मगर मनोनित,

९. ***संयुक्त मोर्चा***का केन्द्रीय विभागहरूको ईन्चार्ज निम्नानुसार तोकियो –
(क) स्कूलिङ – क. सुरेश आले मगर, (ख) श्रम, रोजगार तथा उत्पादन – क. दिलिप महर्जन, (ग)

संगठन – क. सन्तकुमार चौधरी थारू, (घ) प्रकाशन तथा प्रचार-प्रसार – क. दुर्गा राई, (ङ) विदेश – क. आङ दावा शेर्पा, (च) राजकीय मामिला – क. देवेन्द्र श्रेष्ठ, (छ) कानून, न्याय तथा मानवअधिकार – क. कुमार योञ्जन, (ज) अध्ययन तथा अनुसन्धान – डा. दीपेन्द्र रोकाय, (झ) महिला – क. लक्ष्मी गुरूङ, (ञ) अन्तरजाति समन्वय – क. उमेश स्थापित, र (ट) आर्थिक – क. डीमी शेर्पा ।

अन्य विभागीय ईञ्चार्जहरू पछि नै तोकिने,

१०. ***संयुक्त मोर्चा***का सचिवालय सदस्यद्वय छक्कबहादुर लामा तथा पेमा छिरी शेर्पा र केन्द्रीय सदस्य विद्यानन्द राजवंशी अन्य पार्टीमा प्रवेश गरेकाले तिनीहरूलाई ***मोर्चा***बाट निष्काशित,

११. विद्यानाथ राजवंशी कोचिला राष्ट्रिय मुक्ति मोर्चा, नेपालको संयोजक पदमा रहेको र निज ***मोर्चा***बाट निष्काशित भएपछि उक्त पदबाट समेत स्वतः निष्काशित भएकाले उक्त संयोजक पदमा क. ममता राजवंशी (झापा) मनोनित,

१२. नयाँ जातीय मोर्चाहरू यथाशक्य धेरै गठन गर्दै जाने,

१३. ***संयुक्त मोर्चा***को प्रदेशस्तरीय भेला तथा प्रशिक्षण नभएका प्रदेशहरूमा प्रदेशस्तरीय र जिल्लाहरूमा पनि जिल्लास्तरीय भेला/प्रशिक्षण/अन्तरक्रिया कार्यक्रमहरू सकेसम्म गर्ने र संगठन निर्माणलाई तीव्र गतिमा लैजाने र साथै ***मोर्चाका*** घटकहरूलाई पनि विभिन्न स्तरकाभेला/प्रशिक्षण/अन्तरक्रिया कार्यक्रमहरू गरी संगठन निर्माण एवं विस्तार प्रक्रियालाई व्यापक बनाउन निर्देशन दिने,

१४. गत भाद्र महिनादेखि लेवी उठाउने निर्णय गरिए पनि विभिन्न कारणवश उठाउन नसकिएको हुँदा २०८० बैशाख महिनादेखि अनिवार्य उठाउने,

१५. यस ***संयुक्त मोर्चा***का केन्द्रीय सदस्यहरू सम्मिलित (र आवश्यक एवं उपयुक्त देखिएमा अरूसमेत राखी) भएको एक सहकारी खोल्ने,

१६. सामन्ती बाहुनवादी कुतत्वहरूले गत फागुन १७ गते १ नं. प्रदेशको नामाकरण गरी 'कोशी प्रदेश' राखेकोमा ***आदिवासी/जनजाति संयुक्त मोर्चा, नेपाल***द्वारा त्यस्को घोर निन्दा एवं भर्त्सना गर्दै असहमति जाहेर । उत्पीडित जातिहरूको पहिचान पक्षधर त्यस प्रदेशका जनताले प्रतिगामी नामाकरणका विरूद्ध र खारेजीको माँग गर्दै साहस एवं बहादुरीपूर्वक गरिरहेको आन्दोलनप्रति समर्थन एवं ऐक्यबद्धता प्रकट र आन्दोलनकारीहरूलाई सलाम, बैठकद्वारा उक्त प्रतिगामी नामाकरण तुरून्त खारेज गरी उत्पीडित जातिहरूको पहिचानजनित नामाकरण गर्न जोडदार माँग,

१७. ***संयुक्त मोर्चा***को सचिवालय र केन्द्रीय समितिको आगामी बैठक २०८० बैशाखमा गर्ने ।

**सचिवालय**

१. सर्वप्रथम, महान जनयुद्ध, जनआन्दोलन, आदिवासी/जनजाति आन्दोलन, मधेश आन्दोलनलगायत विभिन्न आन्दोलनहरूमा शहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरूप्रति १ मिनट मौनधारण गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त,

२. यस ***संयुक्त मोर्चा***का केन्द्रीय सदस्य उदयपुर जिल्लानिवासी क. जीवन किरातीको ६० वर्षको उमेरमा गत माघ २६ गते आफ्नै गृहजिल्लामा अत्यन्त दुःखद एवं असामयिक निधन भएको हुँदा वहाँको निधनमा ***संयुक्त मोर्चा***द्वारा गहिरो दुःख व्यक्त गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त र शोक-सन्तप्त

परिवारप्रति गहिरो समवेदना प्रकट। वहाँले वर्गीय मुक्ति आन्दोलन तथा जातीय मुक्ति आन्दोलनमा महत्वपूर्ण योगदान दिनुभएको र वहाँको अभाव खट्किरहने।

३. क.सुरेश आले मगरद्वारा केन्द्रीय कार्यालयको तर्फबाट संक्षिप्त रिपोर्टिंग प्रस्तुत र बाँकी रिपोर्टिंग भोलि बस्ने के.स.को बैठकमा नै प्रस्तुत गरिने,
४. मिति २०७९/१२/१ म बसेको ***संयुक्त मोर्चा***को केन्द्रीय कार्यालयको प्रथम बैठकद्वारा पारित प्रस्ताव तथा निर्णयहरू यस बैठकद्वारा अनुमोदित,
५. गत मंसिर महिनामा सम्पन्न प्रतिनिधि सभा र प्रदेश सभाहरूको निर्वाचनमा विजयी हुनुभएका आदिवासी/जनजाति समुदायका सदस्यहरूलाई भोलि बस्ने **केन्द्रीय समितिको** बैठकमा ने.क.पा. (माओवादी केन्द्र)का अध्यक्ष तथा नेपाल सरकारका प्रधानमन्त्री क. प्रचण्डको हातबाट बधाई–ज्ञापन तथा सम्मान गर्ने कार्यक्रम राख्ने,
६. यो बैठक भोलि बस्ने के.स.को बैठकका लागि एजेण्डा तयार पार्ने बैंठक भएको हुँदा यस बैठकका लागि तयार पारिएका एजेण्डाहरूमा मौखिक सहमति कायम गर्दै भोलिको बैठकका लागि पनि यिनै एजेण्डाहरू प्रस्तुत गर्ने,
७. संयोजक क. सुरेश आले मगरद्वारा उपस्थित सबैलाई धन्यवाद दिंदै बैठक समाप्त भएको घोषणा।

**<u>केन्द्रीय समिति</u>**

१. सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरू तथा दिवंगत क. जीवन किरातीप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त,
२. क. दुर्गा राईद्वारा १ नं. प्रदेशको, क. तेजेन्द्र लामाद्वारा मधेश प्रदेशको, क. दिलिप महर्जनद्वारा बागमती प्रदेशको, क. भीमकुमारी बाँठा मगरद्वारा लुम्बिनी प्रदेशको र क. देवीलाल चौधरी थारूद्वारा सुदूर पश्चिम प्रदेशको संक्षिप्त रिपोर्टिंग प्रस्तुत,
३. पार्टीका आदरणीय अध्यक्ष तथा सम्माननीय प्रधानमन्त्री क. प्रचण्ड बैठकमा आउने वचन दिएर पनि नआउनुभएको हुँदा विशिष्ट अतिथिको रूपमा रहनु भएका महासचिव क. देव गुरूङद्वारा गत बैशाख महिनामा सम्पन्न प्रतिनिधि सभा र प्रदेश सभाहरूमा निर्वाचित आदिवासी/जनजाति समुदायका सदस्यहरूलाई बधाई तथा सम्मान–पत्र वितरण र क. प्रचण्ड समयको चापका कारण बैठकमा आउन नसक्नुभएको, अन्यथा हैन भन्ने बैठकलाई जानकारी तथा दिशाबोध गर्दै "मोर्चा निष्क्रिय एवं शिथिलजस्तै रहेको, यति बेला वर्ग-संघर्षको रूप फेरिएको, नक्कली भूटानी शरणार्थी प्रकरणमा निष्पक्ष छानबीन गरिनु पर्ने, १ नं. प्रदेशका माओवादी सदस्यहरूलाई सही फिर्ता लिन र फरक दर्ज गर्न भनेको, मार्क्सवाद नै सबैभन्दा उत्कृष्ट सिद्धान्त भएको, साम्राज्यवादको तरिका भनेको अतिवाद हो, समाजवादी क्रान्ति सम्भव छ" भन्ने धारणाहरू व्यक्त,
४. यसअघि मिति २०७९/१२/१ मा बसेको केन्द्रीय कार्यालय र मिति २०८०/१/२८ मा बसेको केन्द्रीय सचिवालयको बैठकद्वारा पारित सबै प्रस्ताव एवं निर्णयहरू **केन्द्रीय समितिको** यस बैठकद्वारा अनुमोदित,
४. क. रणवीर सुनुवार (ओखलढुङ्गा), क. साङ्गे शेर्पा (खोटाङ्ग), क. सुरेन्द्र महर्जन (काठमाण्डौं), क. चन्द्रलाल मेचे (झापा), वन्दना झाँगड (झापा), वन्दना मेचे (झापा), कीर्तिकुमार राजवंशी (झापा), सोनाम यांकी (मुगु), ल्हाक्पा निसे शेर्पा (ताप्लेजुङ्ग), चीनीमायाँ काला मगर (बागलुङ्ग), विशाल कुमाल (काठमाण्डौं), लालबहादुर माझी (सर्लाही) र विशेन्द्र चेम्जोङ्ग (झापा) **केन्द्रीय सदस्य** मनोनित,

५. ***संयुक्त मोर्चा***का घटकहरू कुमाल, कोचिला, दरै, छन्त्याल, जिरेल, बराम, भुजेल, उराव (झाँगड), धिमाल, मेचे, पहरी, याक्खा, सुनुवार, हायूँ र वालुङ रा.मु.मो.का अध्यक्षहरू सचिवालयमा नरहेका तर सचिवालयको बैठकमा नियमित रिपोर्टिङ गर्न र सम्पर्कमा रहन पर्ने भएकोले ती सबै अध्यक्षहरूलाई सचिवालयको बैठकमा नियमित आमन्त्रित गर्ने,

६. यस ***संयुक्त मोर्चा***को घटक मोर्चाका ईन्चार्जहरू निम्नानुसार तोकियो –

(क) क. सुरेश आले मगर – मगर तथा छन्त्याल, (ख) क. दिलिप महर्जन – नेवाः तथा पहरी, (ग) क. सन्तकुमार चौधरी थारू – थारू, (घ) क. सूर्यमान दोङ – तामाङ, (ङ) क. दुर्गा राई – किराती, (च) क. नगेन्द्र राई – सुनुवार, (छ) क. आङ दावा शेर्पा – वालुङ्ग, (ज) क.मोहन टुडु – सन्थाल, (झ) क. डा. दीपेन्द्र रोकाया – थपाल्या-ब्यासी, (ञ) क. अमरध्वज लामा – ह्योल्मो, (ट) क. मुकेश लिम्बू – लिम्बूवान तथा याक्खा, (ठ) क. छिरिङ्ग डम्दुल लामा – भोटे, (ड) क. लक्ष्मी गुरूङ – हायूँ, (ढ) बुद्धिराम तमु – तमु, (ण) क. सत्यनारायण शेरचन – थकाली,

बाँकी अन्य मोर्चाहरूका ईन्चार्जहरू पछि नै तोकिने,

७. ***संयुक्त मोर्चा***का केन्द्रीय विभागहरूका ईन्चार्जहरू पनि पछि नै तोकिने,

८. ***संयुक्त मोर्चा***को केन्द्रीय समितिको एक मुखपत्र प्रकाशित गर्ने र सोबारे अन्य निर्णयहरू पछि नै गर्ने,

९. ***संयुक्त मोर्चा***का बाँकी प्रदेशस्तरीय भेला एवं प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रमहरू यथाशक्य छिटो गर्ने र जिल्लास्तरीय भेला तथा प्रशिक्षण कार्यक्रमहरू पनि सकेसम्म गर्दै जाने र घटक मोर्चाहरूलाई पनि भेला तथा प्रशिक्षण कार्यक्रमहरू गर्न निर्देशन दिने,

१०. उत्पीडित जाति एवं समुदायहरूको पहिचान एवं हक-अधिकार तथा समग्रमा जातीय सवालबारेका बुझाइ, चिन्तन आदिमा ह्रास, क्षयीकरण तथा नकारात्मक सोंचसमेत आइरहेको अवस्थालाई मध्येनजर गर्दै सिंगो पार्टी नेतृत्व र पार्टीभित्रका गैर-आदिवासी/जनजाति मूलका नेता एवं कार्यकर्ताहरूसँग गम्भीर एवं रचनात्मक बहस तथा छलफल चलाउने,

११. १ नं. प्रदेशमा चलिरहेको आन्दोलनका सन्दर्भमा निम्न निर्णयहरू गरियो –

क) आन्दोलनलाई बाहिरबाट समर्थन, सहयोग एवं ऐक्यबद्धता जाहेर गर्दै आइरहेकोमा अब प्रत्यक्ष नेतृत्व गर्न पहल गर्ने,

ख) आन्दोलन र नामाकरणबारे हाम्रै बीचमा पनि विविध धारणाहरू रहेको सन्दर्भमा सोबारे सहजीकरण गर्न देहाबमोजिम एक कार्यदल गठित –
संयोजक - क. सुरेश आले मगर र सदस्यहरू – क. मुकेश लिम्बू, क. मोहन टुडु, क. राजन किराती तथा क. निमा तेण्डुप शेर्पा,

ग) १ नं. प्रदेशमा चलिरहेको आन्दोलनका सन्दर्भमा नेपाल सरकारले धनजनको क्षतिको अध्ययन गर्न छानबीन समिति गठन गरेको, श्री पदम लिम्बू 'लाजेहाङ'लाई शहीद घोषणा गरेको र मृतकको परिवारलाई क्षतिपूर्ति दिने घोषणा गरेकोमा बैठकद्वारा सरकारलाई धन्यवाद तर समस्या अझै जस्ताको तस्तै रहेकोले वार्ता समिति गठन गरी वार्ताको माध्यमबाट अविलम्ब समस्या समाधान गर्न जोडदार माँग,

घ) १ नं..प्रदेश सभाका माओवादी सदस्यहरूले जातीय पहिचानविरोधी तथाकथित कोशी प्रदेशमा सहमति जनाउँदै हस्ताक्षर गरेकोमा ***संयुक्त मोर्चा***द्वारा उक्त कार्यको घोर विरोध, निन्दा एवं भर्त्सना र तिनीहरूलाई आफ्नो हस्ताक्षर फिर्ता लिन एवं फरक मत दर्ज गर्न जोडदार माँग र ती

सदस्यहरूलाई सही फिर्ता गर्न र फरक मत दर्ज गर्नका लागि निर्देशन दिन र सो नगरेमा कडा कार्वाही गर्न पार्टीलाई हार्दिक अनुरोध गर्ने,

१२. नेपालमा गणतन्त्र आइसक्दा पनि आदिवासी/जनजाति, दलित, मधेशी, मुस्लिमलगायतका समुदायहरूप्रति अन्याय, अत्याचार, विभेद एवं उत्पीडन कायमै रहेको र तिनीहरूको अवस्थामा तात्विक अन्तर नआएको यथार्थलाई मध्यनजर गर्दै ती समुदायहरूका बीचमा सरसल्लाह, समन्वय एवं आदिका लागि एक मोर्चा वा संयुक्त संयन्त्र निर्माण गर्न पहल गर्ने र सो कार्यका लागि ***संयुक्त मोर्चा***का संयोजक क. सुरेश आले मगरलाई जिम्मा दिने,

१३. जलवायु परिवर्तन (Climate Change) ले विश्वव्यापी रूपमा नै ठूलो असर पारिरहेको, धेरै जनधनको क्षति पुऱ्याइरहेको तथा भविष्यमा झन् ठूलो असर पार्ने सम्भावना रहेको र वर्तमान विश्वको ठूलो समस्या एवं चुनौतीको रूपमा रहेको हुँदा यस्को समाधानका लागि विभिन्न कार्यहरू भैरहेका देखिन्छन् तर विश्वभरिकै शासक वर्ग, विज्ञ एवं सरोकारवालाहरूको ध्यान मानव जातिको सृष्टिदेखिकै जल, जमीन, जंगललगायत सिंगो प्रकृतिसँग सुमधुर सम्बन्ध तथा सामन्जस्यता कायम गरेर बसेका आदिवासी/जनजातिहरूतर्फ गएको देखिन्न जोसँग यसबारे प्रचुर ज्ञान, सीप र अनुभव छ। त्यसैले ***संयुक्त मोर्चा***द्वारा विश्वभरिकै शासक वर्ग, विज्ञहरू तथा सरोकारवालाहरूलाई जलवायु परिवर्तको समस्या समाधान गर्नका लागि विश्वका आदिवासीहरूलाई सम्पर्क गर्न र तिनीहरूको ज्ञान, सीप एवं अनुभवहरूलाई उपयोग गर्न जोडदार माँग,

१४. नेपाल सरकारले यति बेला थुप्रै अपराध र कानूनहरू आकर्षित हुने बहुआयामिक नक्कली भूटानी शरणार्थी काण्डमा 'हाई प्रोफाइल' व्यक्तिहरूलाई समेत धमाधम पक्राउ गर्दै कार्वाहीलाई सशक्त प्रकारले अघि बढाइरहेकोमा त्यस्को सराहना गर्दै यस छानबीन प्रक्रियालाई निर्भिकतापूर्वक एवं कडाइका साथ अघि बढाउन आव्हान गर्ने तर त्यसो गर्दा दोषी नै दण्डित हुने परन्तु १ जना पनि निर्दोष व्यक्ति कार्वाहीमा नपर्ने कुरा सुनिश्चित गर्नु पर्ने,.

१५. आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन–२०५८ द्वारा सूचीकृत एक आदिवासी/जनजाति कुमाललाई एक संवैधानिक आयोगको रूपमा रहेको मधेशी आयोगले आफ्नो प्रतिवेदनमा मधेशी समुदायमा सूचीकृत गरेकोमा आश्चर्य, असहमति एवं विरोध प्रकट र उक्त आयोगलाई आफ्नो गल्ती तुरून्त सच्च्याउन आग्रह।

अन्तमा, अध्यक्ष क. सुरेश आले मगरद्वारा सबैलाई धन्यवाद दिंदै बैठक समाप्त भएको घोषणा।

क्रान्तिकारी अभिवादनसहित !

(क. सुरेश आले मगर)
संयोजक